# मानव अधिकार अवस्था

## सेप्टेम्बर देखि डिसेम्बर

## २०१२

**हिमराइट्स लाइफलाइन एक चिनारी** **मिति : १० जनवरी २०१३**

मानव अधिकारको क्षेत्रमा कार्यरत संस्था हिमालयन ह्युमन राइट्स मोनिटर्स (हिमराइट्स) ले गम्भीर प्रकृतिका मानव अधिकार उल्लंघनविरुद्ध मानवीय मूल्य मान्यताको संरक्षण गर्न हेल्पलाइन जीवन जोगाउ अभियान प्रारम्भ गरेको थियो। लाइफलाइन मानव अधिकार उल्लंघन गर्ने प्रवृत्तिको विरुद्ध सम्बोधन गर्नका लागि एउटा अभियानको रुपमा संचालन भइरहेको छ। यसले विगतमा राज्य र माओवादी पक्ष बीचको भएको सशस्त्र द्वन्द्वको दौरानमा मानवीय मूल्यमा आएको गम्भीर ह्रासको अवस्थालाई सम्बोधन गरेको थियो। यसको साथै यसले द्वन्द्वको अवस्थामा मानव अधिकार रक्षकहरुबाट गरिनु पर्ने तत्काल सम्बोधन गर्ने कार्यको दायित्व निर्वाह गरेको थियो। हिमराइट्स सशस्त्र द्वन्द्वसँग सम्बन्धित मानव अधिकार उल्लंघनको विरुद्ध राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्चहरुमा वकालतका साथै पीडितहरुको उद्धार, रिहाइ गर्ने, सत्य तथ्य पत्ता लगाउने कार्यमा संलग्न रहेको थियो।

हिमराइट्सले वर्तमान संक्रमणकालिन अवस्था समेतलाई मध्यनजर गर्दै आफ्ना क्रियाकलापहरुलाई निरन्तर दिदैं आएको छ। हिमराइट्सको जिल्ला कार्यालयहरु तथा सम्पर्क व्यक्तिहरुको माध्यमबाट संकलित मानव अधिकार, महिला अधिकार तथा बाल अधिकार विरुद्धमा भएका घटनाहरुको सत्यतथ्य सूचनाहरु संकलन गरी विद्यमान मानव अधिकारको अवस्थाको बारेमा सु-सूचित गर्ने काम गर्दै आउनुको साथै जघन्य प्रकृतिका मानव अधिकार उल्लघंनका घटनाहरुको सत्यतथ्य पत्ता

## चार महिनाका प्रमुख घटनाहरुको सार संक्षेप :

१) ५ सेप्टेम्बर २०१२ मा महोत्तरी पशुपतिनगर गाविस -२ की ४५ वर्षीया सुमित्रादेवी ठाकुरलाई उनकै कान्छो छोरा २७ वर्षीय रामबाबु ठाकुरले गोली हानी हत्या गरेको । छोरा र बाबुआमावीच घरायसी विषयमा विवाद बढ्दै जाँदा रामबाबुले एक्कासी गोली चलाएर आमाको हत्या गरेको थियो ।

२) १० सेप्टेम्बर २०१२ बाराको छतवा गाविस-३ निवासी महिला अधिकारकर्मी ३२ वर्षीया सरिता देवी चौरसियाको अज्ञात समूहले घाँटीमा धारिलो हतियार प्रहार गरी हत्या गरेको छ । मटिअर्वा गाविस-२ स्थित आँपको बगैंचामा उनको हत्या गरी फालिएको अवस्थामा लास प्रहरीले फेला पारेको हो ।

३) २८ सेप्टेम्बर २०१२ मा सिराहाको महेशपुर पतारी र जिभ्कौल गाविसको सीमावर्ती स्थानमा मध्यरात प्रहरीको गोली लागी असनपुर गाविस-८ स्थित गोलबजारका अन्दाजी २२ वर्षीय सन्तोष सिंहको मृत्यु भएको छ ।

४) २ अक्टोबर २०१२ मा पुनरावेदन अदालत जनकपुरका बहालवाला न्यायाधीश विनोद शर्माका बुबाको हत्या भएको छ । ८७ वर्षीय बुवा अम्बिकाप्रसाद घिमिरलाई ओखलढुंगा,को पोकली-२ लेतीमा बिहीबार राति अज्ञात समूहले हत्या गरेका छन्

५) १४ अक्टोबर २०१२ मा सुनसरीको बबिया- १ रामेश्वर मेहताको घरमा विस्फोट हुँदा मेहताकी बुहारी ३५ बर्षिया सीतादेवी मेहता र उनकी आठ महीनाकी छोरीको मृत्यु भएको छ ।

६) ३ नोभेम्बर २०१२ मा एमाओवादी पूर्वसभासद् सफिक मियाँले १३ वर्षीया बालिकालाई एक वर्षदेखि बलात्कार गरेको खुलासा ।

७) ५ नोभेम्बर २०१२ मा बाँके कचनापुर गाविस-५ की ३२ वर्षीया महिला ०६९ कात्तिक २० गते घर नजिकको मिलबाट तोरी पेलाएर घर फर्किने क्रममा मदुवा खोला नजिक सामूहिक बलात्कार भएको छ ।

८ ) १३ नोभेम्बर २०१२ मा भोजपुर पात्लेपानी गाविस - ३ की एक पाँच बर्षिया बालिकालाई सोही स्थान निवासी १८ बर्षिया युवकले बलात्कार गरेका छन् । घरमा कोही नभएको मौका छोपेर ती बालिकालाई युवकले बलात्कार गरेका थिए ।

९) १६ नोभेम्बर २०१२ मा दैलेख जिल्लाको कटी गाविसस्थित मामा घरमा तिहार मनाउन आएकी जाजरकोट जिल्लाकी एक दलित बालिकालाई प्रहरी जवान सिंहबहादुर रावतले जवरजस्ती करणी गरेका छन् । जाजरकोट जिल्ला मजकोट-४ घर भई हाल जिल्ला प्रहरी कार्यालय बदिर्यामा कार्यरत जवान रावतले जाजरकोटकै मजकोट-६ बस्ने १४ वर्षीया कमला नेपाली (नाम परिवर्तन) लाई करणी गरेका थिए ।

HimRights

जाजरकोट घर भए पनि ३९ वर्षीय रावत सुर्खेत बस्दै आएका छन् । उनले दैलेखको बेस्तडा बजारस्थित शेरबहादुर बस्नेतको होटलमा बालिकालाई शुक्रबार राति बलात्कार गरेका थिए ।

१०) १८ नोभेम्बर २०१२ मा त्रिभुवन विमानस्थलमा उत्रदा साउदी अरबबाट घर फर्केकी एक युवतीमाथि अध्यागमन विभागका कर्मचारी तथा प्रहरीले लुटपाट गर्नुका साथै बलात्कार गरे । अर्काको नामको राहदानीमा विदेश गएकी ती युवतीमाथि सोधपुछ गर्ने नाममा अध्यागमन विभागकै नायब सुब्बा सोमनाथ खनालले उनीसँग भएको आठ हजार पाँच सय रियाल लुटपाट गर्नुका साथै प्रहरी जवान पर्शुराम बस्नेतले उनीमाथि बलात्कार गरेका थिए ।

११) २१ नोभेम्बर २०१२ कैलालीको मालाखेती गाविसका पूर्व गाविस अध्यक्ष दिर्घराज भट्टको अज्ञात समूहले बुधवार राती हत्या गरेको छ । मालाखेती वडा न. २ निवासी भट्ट नेपाली काँग्रेसबाट गाविस अध्यक्ष निर्वाचित भएका थिए । उनलाई अज्ञात समूहले घाँटी रेटी हत्या गरिएको थियो ।

१२) २८ नोभेम्बर २०१२ धनकुटास्थित मारेकटहरे गाविस-४ पारिखापाङ स्थायी घर भई परेवादिन गाविस-७ नाम्जाङ स्थित दिदीको घरमा बस्दै आएकी ११ वर्षीया एक बालिकाको बलात्कार पछि हत्या भएको छ । बालिका घाँस काट्न गएको बेला नजिकैको जंगलमा बलात्कार पछि हत्या गरिएको थियो ।

१३) २ डिसेम्बर २०१२ सिरहाको गोविन्दपुर ७ का सहमत मियाले घरायसी विवादमा आफ्नी श्रीमतीलाई कुटपीट गरी हत्या गरेका छन् । घरायसी विवाद हुँदा सहमत मियाले २२ वर्षीया पत्नी सनीचरी खातुनलाई कुटपीट गरी हत्या गरेका हुन् ।

१४) ४ डिसेम्बर २०१२ जनकपुर नगरपालिका वडा नं. ४ स्थित तिरहुतिया गाछी नजिक दुई समूह बीच झडप हुँदा एक जनाको हत्या भएको छ । अज्ञात समूहको छुरा प्रहार गरी जनकपुर-४ का २२ बर्षीय गौरीशंकर मिश्रको हत्या गरिएको हो ।

१५) ३ डिसेम्बर २०१२ मा धादिङका फरक फरक गाउँमा गरी १२ घण्टाको फरकमा २ जनाको विवत्स तरिकाले हत्या भएको छ । गुम्दी गाविस ७ मा एमाओवादी जिल्ला सदस्य वियज तामाङको भएको छ भने सोही जिल्ला स्थित दार्खा गाविसका भीषण सिंखडाको पनि अपहरण पछि हत्या भएको छ ।

१६) ७ डिसेम्बर २०१२ मा, दिदीको घर गएकी बालिकामाथि यौन दुर्व्यवहार गर्ने युवकलाई दार्चुला प्रहरीले पक्राउ गरेको छ । खार ७ सुन्नामुन्नाका २२ वर्षीय पदमराज टमटालाई प्रहरीले आइतबार नियन्त्रणमा लिएको हो । टमटाले बैतडी खार ३ चौरकी १० वर्षीया

बालिकालाई मंसिर २२ गते बलात्कार गरेका थिए । सुन्नामुन्नामै दिदीको घर गएकी उनलाई टमटाले गोठमा लगेर बलात्कार गरेको खुलासा भएको छ । उनी बिहेमा सहभागी हुन दिदीको घर गएकी थिइन् । घरमा कोही नभएको बेला गोठमा लगेर बलात्कार गरेको स्थानीयवासीले बताए । दुवैका आफन्तले घटना मिलाउन खोजे पनि सहमति नभएपछि प्रहरीमा उजुरी परेको थियो । सहमति हुन नसकेपछि बालिकाका आफन्तले २९ गते दल्लेक प्रहरी चौकीमा उजुरी दिएका थिए । बालिका र युवकबीच साली-भिनाजु नाता पर्छ ।

१७ ) ८ डिसेम्बर २०१२ मा जिउँदै पेट्रोल छर्केर आगो लगाइएकी  बर्दिया ८  गुलरियाकी  १६ बर्षिया युवती शिवा हासमीको १२ डिसेम्बर २०१२ मा मृत्यु भयो । शरीरको ९० प्रतिशत भाग जलेकी हासमीको विर अस्पतालमा उपचारको क्रममा मृत्यु भएको थियो ।

१८) ९ डिसेम्बर २०१२  धादिङको आगिन्चोकमा आफ्नै श्रीमान्द्वारा श्रीमतीको हत्या भएको छ । आगिन्चोक ५ की ३२  वर्षीया पम्फा शर्मा भुसालको घरायसी सामान्य विवाद हुदा बिहान तीन बजे सुतिरहेको समयमा ३४ बर्षीय होमनाथ उपाध्यायले घाँटी थीचेर हत्या गरेका थिए ।

१९ ) १५ डिसेम्बर २०१२ मा काठमाण्डौको अनामनगर स्थित कृष्ण प्रसाईंको घरमा काम गर्न बसेकी ३१ बर्षीया सरस्वती सुवेदीको रहस्यमय तरिकाले हत्या भएको थियो ।

२०) २४ डिसेम्बर २०१२ मा उदयपुरको रामपुर ठोक्सिला २ निवासी ७० बर्षिया बृद्धालाई सोही गाविस २ का २८ बर्षिया सूर्यबहादुर तामाङ्गले पिडितकै घरमा गएर बलात्कार गरेका छन् ।

२१ ) २६ डिसेम्बर २०१२ मा  बारा जिल्ला प्रस्टोका ५ की १८ बर्षिया विन्दु ठाकुरको उनकै बाबु रामा ठाकुरद्वारा जलाएर हत्या गरियो । एक युवकसँग प्रेम सम्बन्ध रहेका कारण बाबुले हत्या गरेका थिए ।

२२ ) २८ डिसेम्बर २०१२ मा दैलेख नारायण  ६ नमुना बस्तीका कुमारो सार्कीले घरायसी विवादमा आफ्नै श्रीमति चावली सार्कीलाई आगो लगाई घाइते बनाएका छन् । नाबालक छोराछोरी तथा उनको गुहार पछि  छिमेकीले उद्धार गरी उनलाई अस्पताल लगेका थिए ।

२३ ) २९ डिसेम्बर २०१२ मा रोल्पा जिल्ला घर भई थानकोट दहचोकस्थित महालक्ष्मी ईंटाभट्टामा काम गर्ने एक १४ बर्षीया बालिकामाथि सोही ठाँउमा काम गर्ने मनोज डंगोलले बलात्कार गरेका  थिए ।

२४ ) ३१ डिसेम्बर २०१२ मा  सिराह धनगढी गाविस ९ मुसहरनिया की २२ बर्षिया सुस्त मनस्थिती भएकी युवतीमाथि सोही गाउँ निवासी वीरेन्द्र साह तथा सुरेश साहले बलात्कार गरेका छन् । बाख्रा चराउन गएका बेला ती युवतीमाथि बलात्कार भएको थियो ।

HimRights

# मानव अधिकार अवस्था

**यो ४ महिनाको अवधिमा नेपालको मानव अधिकार अवस्था गम्भिर रहेको पाइयो । हिमराइट्सद्वारा अभिलिखित घटनाहरुको विश्लेषण गर्दा यस अवधिभित्र मानव अधिकारको स्थिति निम्न रहेको देखिन्छ ।**

**(क) महिलाविरुद्धका हिंसासात्मक घटनाहरुको श्रृङ्खलामा वृद्धि**

विगत ४ महिनामा महिलाविरुद्ध गम्भीर प्रकृतिका हिंसात्मक घटनाहरुले स्थान ओगटे । विगतमा झैं यस अवधिमा पनि मानव अधिकार उल्लंघनका घटनाहरुमा महिलाविरुद्धका हिंसात्मक घटनाहरु नै अग्र पंक्तिमा रहेको पाइयो । बर्दियाका शिवा हास्मी, काठमाण्डौकी घरेलु श्रमिक सरस्वती सुवेदी, तथा बाराकी १८ वर्षीय किशोरी विन्दु ठाकुरको हत्या तथा सीता राईमाथि भएको घटनाका पीडकहरुलाई कारबाही गरी पीडकहरुलाई कानुनको कठघरामा ल्याइएको छैन । महिला हिंसा विरुद्ध नागरिक समाजको पहलमा दिनदिनै विरोध प्रदर्शन भइरहेको सन्दर्भमा बाराकी मानवअधिकारकर्मीको विभत्स ढंगले हत्या हुनुले समाजका कुनैपनि नागरिक सुरक्षित छैनन् भन्ने कुरा पुष्टि हुन्छ । महिला विरुद्ध हुने सबै प्रकारको हिंसा अन्त्यका लागि गत नोभेम्बर २५ देखि डिसेम्बर २० सम्मको १६ दिने अभियान अर्न्तगत महिलासँग सम्बन्धित संघ संस्थाहरुको कार्यक्रमहरु सञ्चालन भइरहेकै बेला मात्रै १२ जना महिलाहरुको हत्या भयो । गत मंसिर महिनामा मात्र १६ महिलाहरुको हत्या गरियो । *ओरेकका तथ्यांक अनुसार २०६९ वैशाख देखि मंसिरसम्ममा ८८ जना महिलाहरुको हत्या भएको देखिन्छ ।* हिंसा विरुद्धको अभियानलाई नै चुनौती दिने गरी महिलालाई जिउँदै जलाउने यातना दिने जस्ता घटनाले निरन्तरता पाइरहनुले मानवीय मूल्य मान्यतामा गम्भीर ह्रास आएको देखिन्छ ।

यसैगरी यस अवधिमा बलात्कारका श्रृंखलावद्ध घटनाहरु भए । बलात्कारमा पर्नेहरुमा ५ वर्षकी बालिकादेखि ७० वर्षसम्मका महिलाहरु रहेका छन् । बलात्कारका पीडकहरुमा पूर्व सभासद, सुरक्षाको जिम्मेवार लिएर बसेका प्रहरीहरुसमेत रहेका छन् । बलात्कारको घटना भइसकेपछि सकेसम्म स्थानीय रुपमा मिलाउने, आर्थिक प्रलोभनमा पारी घटनालाई सामसुम बनाउने प्रवृत्ति हावी रहेको छ । उजुरी गर्न जाँदा प्रहरीले दर्ता गर्न आलटाले गर्ने, उजुरी भएका घटनाहरुलाई संवेदनशील ढंगले नलिने, उजुरी पछि पनि पीडकले सके पीडितलाई डर धम्की देखाउने र नसके पैसाको प्रलोभनमा पारी उजुरी फिर्ता लिन दबाब दिने र प्रहरीका सामुन्ने बोलाई मिलापत्र गराउने जस्ता गैरकानुनी कामसमेतहरु हुने गरेको छ । यसैगरी बलात्कारका घटनाहरुमा उजुरी लिने, सोधपुछ गर्ने, अनुसन्धान गर्ने महिला मैत्री वातावरण हुन नसक्दा पनि बलात्कारका घटनाहरुले प्रश्रय पाइरहेका छन् । यसले कतै राज्यका सरोकारवाला संयन्त्रहरु महिलाविरुद्ध हुने बलात्कारका घटनाप्रति उदासिन त छैनन् भन्ने प्रश्न समेत जन्माएको छ । जबसम्म बलात्कारका पीडकहरुमाथि हदैसम्मको कडा कानुनी कारबाही हुँदैन, पीडितलाई पीडकबाटै क्षतिपूर्ति दिलाउने व्यवस्था हुँदैन तथा यसका विरुद्ध एउटा सशक्त सचेतन अभियान सञ्चालन हुँदैन तबसम्म बलात्कारका घटनाहरु निरन्तर भइनै रहने देखिन्छ ।

**(ख) बालअधिकार**

यस अवधिमा बालअधिकार उल्लंघनका घटनाहरुले पर्याप्त स्थान लिएका छन् । भोजपुरमा ५ वर्षीया बालिका बलात्कारमा पर्नु, दैलेखकी १४ वर्षीया बालिका प्रहरीबाटै बलात्कारमा पर्नु, पूर्व सभासदबाट १३ वर्षीया बालिकालाई विगत १ वर्षदेखि निरन्तर बलात्कार गर्नु, धनकुटा मारकटहरे गाविसकी ११ वर्षीया बालिकाको बलात्कारपछि हत्या हुनु, वैतडीकी १० वर्षीया बालिका बलात्कारमा पर्नु र थानकोट दहचोक स्थित एक ईंटाभट्टामा १४ वर्षीया बालिका बलात्कारमा पर्नुआदिले बालिकाहरुको सुरक्षामाथि गम्भीर प्रश्न चिन्ह खडा गरेको छ । बालिकाहरुमाथि हुने बलात्कारका घटनाहरु अझ बढी लुकाइने गरेको छ । बालिकाको भविष्य, उनको विवाह आदिको नाममा अधिकांश घटनाहरु कित लुकाइने गरेका छन् कि भित्र भित्रै मेलमिलाप गरी सामसुम पारिने गरेका छन् । पीडित बालिकाका

अभिभावकहरु तथा पीडकहरु बीच हुने यस प्रकारका क्रियाकलापहरुले गर्दा बलात्कारीहरु आफूले गरेको अपराधको सजायबाट उन्मुक्ति पाउने आधार तयार गरेको छ । अझ कतिपय यस्ता घटनाहरुमा हुने कथित मेलमिलाप प्रहरीहरुको रोहबरमा हुने गरेका पाइएका छन् ।

## हिमराइट्समा अभिलेखित सूचनाहरु

हिमराइट्स लाइफलाइनले जिल्लास्थित कार्यालयहरु तथा सम्पर्क व्यक्तिहरुको माध्यमबाट बालअधिकार, महिला अधिकार तथा मानवअधिकार उल्लंघनका घटनाहरुको अभिलेख राखेको छ । यसका लागि जिल्लास्थित हिमराइट्सका अनुगमनकर्ताहरुले उनीहरु कार्यरत जिल्लामा भएका सूचनाहरु संकलन गर्दछन् । त्यसै गरी संचार माध्यमहरुमा प्रकाशित सूचनाहरुलाई पनि यो मानव अधिकारको अवस्था विश्लेषणको आधार मानिएको छ ।

**अनुगमनबाट सेप्टेम्बर २०१२ देखि डिसेम्बर २०१२ सहित गरी चार महिनाको अवधिमा करिब २७५ वटा मानव अधिकार तथा बाल अधिकार उल्लंघनका घटनाहरु अभिलेखित भएका छन् । जसमा सेप्टेम्बर महिनामा मा ५० अक्टोबर महिनामा मा ५८ वटा र नोभेम्बर महिनामा ५२ वटा र डिसेम्बर महिनामा ५५ वटा गरि जम्मा २१४ मानव अधिकारका घटनाहरु भएका छन् भने यस अवधीमा ६० वटा बाल अधिकार उल्लघंनका घटनाहरु भएका छन् । जसमध्ये सेप्टेम्बर १० अक्टोबर १७ वटा र नोभेम्बर महिनामा १६ वटा र डिसेम्बर महिना १७ वटा घटनाहरु सूचिकृत गरिएको छ । चार महिनाको अवधिमा मुलुकभरीका लगभग ५२ वटा जिल्लाहरुमा भएका घटनाहरुको आधारमा यो सूचाङ्क तयार पारिएको छ ।**

चार महिनामा भएका घटनाहरुको समीक्षा गर्दा विभिन्न पार्टीका भातृ संगठनहरुले पार्टीको निर्णयको नाममा आन्दोलनका निम्ति चन्दा संकलन कार्य जारी राखेका छन् । त्यसै गरी बेलाबखत देखापर्ने सशस्त्र तथा अज्ञात समूहहरु तथा सर्वसाधारणहरु पनि माथि उल्लेखित घटनाहरुका लागि जिम्मेवार भएको पाइएको छ ।

HimRights

तालिका १ : मानव अधिकार उल्लंघनका घटनाहरु

| मानव अधिकार उल्लंघन | सेप्टेम्बर | अक्टोबर | नोभेम्बर | डिसेम्बर |
|---|---|---|---|---|
| हत्या | ९ | ११ | १२ | १४ |
| अज्ञात शव प्राप्त | २ | ४ | ३ | ३ |
| गोली लागी घाइते - विभिन्न समूहबाट | ० | ० | | १ |
| अपहरण | ३ | ३ | ३ | २ |
| ज्यान मार्ने धम्की | ४ | ३ | ३ | ३ |
| कुटपिट / प्रहरीसँगको झडपमा घाइते | ७ | ८ | ४ | ६ |
| महिला हत्या/हिंसा | ७ | ६ | ५ | ८ |
| बोक्सीको आरोपमा यातना (महिला) | ४ | ६ | ३ | ३ |
| महिला हिंसा - कुटपिट (अन्य कारणबाट) | ७ | ८ | ९ | ४ |
| यौन दुर्व्यवहार (महिला) | ५ | ६ | ६ | ८ |
| विष्फोटन | ० | १ | १ | ० |
| विष्फोटनबाट घाइते | ० | ० | | ० |
| बम विष्फोटनबाट मृत्यु | ० | १ | | ० |
| बन्द (नेपाल, क्षेत्र, जिल्ला) | २ | १ | ३ | २ |
| चन्दा | ० | ० | ० | १ |
| **जम्मा** | **५०** | **५८** | **५२** | **५५** |

## तालिका २ : बाल अधिकार उल्लघंन

| बाल अधिकार उल्लंघन | सेप्टेम्बर | अक्टोबर | नोभेम्बर | डिसेम्बर |
|---|---|---|---|---|
| हत्या | ० | ० | २ | ० |
| अपहरण / बेपत्ता | १ | ० | २ | ३ |
| यातना/घाइते/कुटपिट | ३ | ६ | २ | ६ |
| यौन दुर्व्यवहार | ६ | ८ | ७ | ६ |
| विद्यालय बन्द आक्रमण | ० | २ | २ | २ |
| बम विष्फोटनबाट घाइते | ० | ० | १ | ० |
| बम बिष्फोटनबाट मृत्यु | ० | १ | ० | ० |
| विद्यालयमा बम विष्फोटन | ० | ० | ० | ० |
| विद्यालयको भौतिक संरचना माथि आक्रमण | ० | ० | ० | ० |
| **जम्मा बाल अधिकार** | १० | १७ | १६ | १७ |
| **जम्मा मानव अधिकार + बालअधिकार** | ६० | ७५ | ६८ | ७२ |

*तालिका १: मानव अधिकार अवस्था* - सेप्टेम्बर

| क्रम सं. | मानव अधिकार उल्लंघन | एकिकृत नेकपा माओवादीद्वारा | राजनीतिक दलका भातृ संघ संस्थाहरुद्वारा | प्रमुख राजनीतिक दलहरुद्वारा | सशस्त्र समूह/ अज्ञात समूहद्वारा | सुरक्षाकर्मीद्वारा | अन्य/ सर्वसाधारण द्वारा | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १. | हत्या | | | | ३ | | ६ | ९ |
| २ | हत्या गरिएको अवस्थामा शव प्राप्त | | | | २ | | | २ |
| ४ | कब्जा/अपहरण | | | | ३ | | | ३ |
| ६ | ज्यान मार्ने धम्की, | | | | ४ | | | ४ |
| ७ | कुटपिट | | | | ५ | | २ | ७ |
| ९ | महिला हत्या/हिंसा | | | | ४ | | ३ | ७ |
| १० | बोक्सीको आरोप | | | | | | ४ | ४ |
| ११ | यातना/घाइते/ कुटपिट | | | | | | ७ | ७ |
| १२ | यौन दुर्व्यवहार (महिला) | | | | | | ५ | ५ |
| १३ | बम विष्फोटन | | | | | | | |
| १४ | विष्फोटनबाट घाइते | | | | | | | |
| १५ | विष्फोटनबाट मृत्यु | | | | | | | |
| १६ | बन्द (नेपाल, क्षेत्र, जिल्ला र अन्य) | | | | | | २ | २ |
| | **बाल अधिकार** | | | | | | | |
| | हत्या | | | | | | | |
| ३ | अपहरण/बेपत्ता | | | | १ | | | १ |
| ३ | यातना/घाइते/कुटपिट | | | | ३ | | | ३ |
| ४ | यौन दुर्व्यवहार | | | | | | ६ | ६ |
| ५ | विद्यालय बन्द/आक्रमण | | | | | | | |
| | **जम्मा** | | | | | | | ६० |

*तालिका २: मानव अधिकार अवस्था* - अक्टोबर

| क्रम सं. | मानव अधिकार उल्लंघन | एकिकृत नेकपा माओवादीद्वारा | राजनीतिक दलका भातृ संघ संस्थाहरुद्वारा | प्रमुख राजनीतिक दलहरुद्वारा | सशस्त्र समूह/ अज्ञात समूहद्वारा | सुरक्षाकर्मीद्वारा | अन्य/ सर्वसाधारण द्वारा | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १. | हत्या | | | | ३ | | ८ | ११ |
| २ | हत्या गरिएको अवस्थामा शव प्राप्त | | | | ४ | | | ४ |
| ४ | कब्जा/अपहरण | | | | ३ | | | ३ |
| ६ | ज्यान मार्ने धम्की, | | | | ३ | | | ३ |
| ७ | कुटपिट | | | | ४ | | ३ | ७ |
| ९ | महिला हत्या/हिंसा | | | | ५ | | २ | ७ |
| १० | बोक्सीको आरोप | | | | | | ६ | ६ |
| ११ | यातना/घाइते/ कुटपिट | | | | | | ८ | ८ |
| १२ | यौन दुर्व्यवहार (महिला) | | | | | | ६ | ६ |
| १३ | बम विष्फोटन | | | | १ | | | १ |
| १४ | विष्फोटनबाट घाइते | | | | ० | | | ० |
| १५ | विष्फोटनबाट मृत्यु | | | | १ | | | १ |
| १६ | बन्द (नेपाल, क्षेत्र, जिल्ला र अन्य) | | | | | | | |
| | **बाल अधिकार** | | | | | | | |
| १ | हत्या | | | | | | | |
| २ | अपहरण/बेपत्ता | | | | | | | |
| | बम विष्फोटन बाट मृत्यु | | | | | | १ | १ |
| ३ | यातना/घाइते/कुटपिट | | | | २ | | ४ | ६ |
| ४ | यौन दुर्व्यवहार | | | | | | ८ | ८ |
| ५ | विद्यालय बन्द/आक्रमण | | | | | | २ | २ |
| | **जम्मा** | | | | | | | **७५** |

*तालिका ३: मानव अधिकार अवस्था* - नोभेम्बर

| क्रम सं. | मानव अधिकार उल्लंघन | एकिकृत नेकपा माओवादीद्वारा | राजनीतिक दलका भातृ संघ संस्थाहरुद्वारा | प्रमुख राजनीतिक दलहरुद्वारा | सशस्त्र समूह/ अज्ञात समूहद्वारा | सुरक्षाकर्मीद्वारा | अन्य/ सर्वसाधारणद्वारा | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १. | हत्या | | | | २ | | १० | १२ |
| २ | हत्या गरिएको अवस्थामा शव प्राप्त | | | | ३ | | | ३ |
| ४ | कब्जा/अपहरण | | | | ३ | | | ३ |
| ६ | ज्यान मार्ने धम्की, | | | | २ | | १ | ३ |
| ७ | कुटपिट / गोली लागि घाइते | | | | ३ | | ३ | ३ |
| ९ | महिला हत्या/हिंसा | | | | | | ५ | ५ |
| १० | बोक्सीको आरोप | | | | | | ३ | ३ |
| ११ | यातना/घाइते/ कुटपिट | | | | | | ९ | ९ |
| १२ | यौन दुर्व्यवहार (महिला) | | | | | | ६ | ६ |
| १३ | बम विष्फोटन | | | | १ | | | १ |
| १४ | विष्फोटनबाट घाइते | | | | | | | |
| १५ | विष्फोटनबाट मृत्यु | | | | | | | |
| १६ | बन्द (नेपाल, क्षेत्र, जिल्ला र अन्य) | | | | | | ३ | ३ |
| | **बाल अधिकार** | | | | | | | |
| १ | हत्या | | | | | | २ | २ |
| ३ | अपहरण/बेपत्ता | | | | | | २ | २ |
| | बम विष्फोटनबाट घाइते | | | | | | १ | १ |
| ३ | यातना/घाइते/कुटपिट | | | | | | २ | २ |
| ४ | यौन दुर्व्यवहार | | | | | | ७ | ७ |
| ५ | विद्यालय बन्द/ | | | | | | २ | ५ |
| | **जम्मा** | | | | | | | ६८ |

## तालिका ४: मानव अधिकार अवस्था - डिसेम्बर

| क्रम सं. | मानव अधिकार उल्लंघन | नेकपा - माओवादीद्वारा नेकपा | राजनीतिक दलका भातृ संघ संस्थाहरुद्वारा | प्रमुख राजनीतिक दलहरुद्वारा | सशस्त्र समूह/ अज्ञात समूहद्वारा | सुरक्षाकर्मीद्वारा | अन्य/ सर्वसाधारण द्वारा | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | हत्या | | | | ३ | | ११ | १४ |
| २ | हत्या गरिएको अवस्थामा शव प्राप्त | | | | ३ | | | ३ |
| ३ | गोली लागी घाइते | | | | १ | | | १ |
| ४ | कब्जा/अपहरण | | | | २ | | | २ |
| ५ | ज्यान मार्ने धम्की, | | | | ३ | | | ३ |
| ६ | कुटपिट | | | | ४ | | २ | ६ |
| ७ | महिला हत्या/हिंसा | | | | ३ | | ५ | ८ |
| ८ | बोक्सीको आरोप | | | | | | ३ | ३ |
| ९ | यातना/घाइते/ कुटपिट | | | | | | ४ | ४ |
| १० | यौन दुर्व्यवहार (महिला) | | | | | | ८ | ८ |
| ११ | बम विष्फोटन | | | | | | | |
| १२ | विष्फोटनबाट घाइते | | | | | | | ० |
| १३ | विष्फोटनबाट मृत्यु | | | | | | | ० |
| १४ | चन्दा | | | | | | १ | १ |
| १५ | बन्द (नेपाल, क्षेत्र, जिल्ला र अन्य) | | | | | | २ | २ |
| | **बाल अधिकार** | | | | | | | |
| १ | हत्या | | | | | | ० | ० |
| २ | अपहरण/बेपत्ता | | | | ३ | | | ३ |
| ३ | यातना/घाइते/कुटपिट | | | | ३ | | ३ | ६ |
| ४ | यौन दुर्व्यवहार | | | | | | ६ | ६ |
| ५ | विद्यालय बन्द/आक्रमण | | | | | | २ | २ |
| ७ | विद्यालयको भौतिक संरचना माथिको आक्रमण | | | | | | | |
| | **जम्मा** | | | | | | | ७२ |

## निष्कर्ष तथा सुझाव

मानव अधिकार अवस्थाको विगत चार महिनाको विश्लेषण गर्ने हो भने महिलाविरुद्ध भएका हिंसात्मक घटनाहरुले सबै अन्य घटनाहरुलाई उछिनेको देखिन्छ । महिला विरुद्ध भइरहेका यस्ता क्रुरतम् प्रकृतिका हत्या हिंसा, बलात्कार तथा यातनाले महिलाहरुको बाँच्न पाउने तथा सम्मानजनक ढङ्गबाट समाजमा रहन पाउने अधिकारहरु कुण्ठित हुन पुगेका छन् । नागरिक समाजको पहलमा महिला हिंसाविरुद्ध बालुवाटार घेराउ कार्यक्रम निरन्तर भइरहेको छ तर राज्यले यसकाविरुद्ध कुनै ठोस कदम चाली पीडितलाई न्याय र पीडकलाई सजाय दिलाएको देखिदैन । केही छानविन समितिहरुको निमार्ण गरी सत्यतथ्य पत्ता लगाउन गरेको सरकारी पहलले मात्र महिलामाथि हुने हिंसात्मक घटनाहरुको अन्त्य हुने देखिंदैन । कडा कानुनसहित पीडकको कारबाही प्रक्रियामा सरकार तथा तिनका जिम्मेवार निकायहरु नलागेसम्म अपराधिक व्यक्ति तथा समूहहरुलाई थप अपराध गर्न प्रोत्साहन मिली नै रहनेछ । तसर्थ राज्यबाट महिलाविरुद्ध हुने हिंसात्मक घटनाहरुका पीडकहरुलाई कानुनको दायरामा ल्याउनका लागि आफ्ना निकायहरुलाई संवेदनशील बनाउने, पीडितहरुको सुनुवाईको लागि महिलामैत्री वातावरण तयार गर्ने, बोक्सी, छाउपडी जस्ता कुप्रथाहरुको विरुद्धमा जनचेतना अभियानहरु संचालन गर्ने, मानव बेचबिखन तथा घरेलु हिंसाविरुद्ध विशेष कानुनी साक्षरता कक्षाहरु संचालन गर्ने लगायतका ठोस कदमहरु चाल्नु पर्ने आवश्यक देखिन्छ ।

मानव अधिकारको क्षेत्राधिकारलाई मुलुकको सीमाले छेक्दैन भन्ने कुरा हालै सशस्त्र द्वन्द्वकाको अवधिमा मानवताविरुद्धको अपराधमा संलग्न हुने अधिकारी कर्णेल कुमार लामालाई लण्डनको अदालतले गिरफ्तार गरेको घटनाले पुष्टि गरेको छ । यदि राज्यले सशस्त्र द्वन्द्वकालमा भएका गम्भीर प्रकृतिका घटनाहरुलाई सत्य निरुपण आयोग निर्माण गरी सत्यको खोजी गरी पीडकहरुलाई कानुनको घेराभित्र ल्याउन सकेको भए यो स्थिति आउने थिएन । यसले सशस्त्र द्वन्द्वमा मानवताविरुद्धको अपराधमा संलग्नहरु भाग्न त सक्दछन् तर लुक्न सक्दैनन भन्ने भनाइलाई चरितार्थ गरेको छ । यसैगरी बेपत्ता आयोग निर्माण गरी बेपत्ताको खोजी गर्ने कार्य जति छिटो हुन्छ र राज्यले यसका कार्यमा संलग्न हुनेहरुलाई कारबाही गर्ने आँट गर्दछ उति नै कुमार लामा जस्ता अन्य अधिकारीहरु विदेशमा पक्राउ पर्ने श्रृंखला बढेर जान सक्छ ।

दैलेखका रेडियो नेपालका पत्रकार डेकेन्द्र थापाको हत्या प्रकरणको खुलासा भएबाट सशस्त्र द्वन्द्वकालमा माओवादी पक्षबाट भएका ज्यादतीहरुको पर्दाफास भएको छ । विद्यालयको विममा उभिण्डो बनाएर केही दिनसम्म सिस्नो पानी लगाउने तथा कुटपिटबाट  बेहोस भएकै अवस्थामा खाल्डोमा पुरेको भन्ने घटनाका पीडकहरुमध्येका एकजनाको बयानले मानवीय क्रुरताको पराकाष्ठा झल्काएको छ । ढिलै भएपनि दैलेख प्रशासनले घटनामा संलग्न हुनेमध्येका केहीलाई पक्राउ गर्ने साहास गरेकोमा हिमराइट्स यसको स्वागत गर्दछ । तर उक्त अभियुक्तहरुको पक्राउप्रति प्रधानमन्त्री बाबुराम भट्टराईको टिप्पणी, तथा नेकपा (माओवादी) को वक्तव्य तथा घटनाको छानविन नगर्नका लागि दिइएको दबाबले घटनाको निष्पक्ष छानविन होला भन्ने कुरामा शङ्का व्यक्त गर्ने ठाउँ दिएको छ । यसै घटनाको सन्दर्भमा प्रधानमन्त्री बाबुराम भट्टराईको पछिल्लो मन्तव्य झन हास्यास्पद छ । उहाँले एकातिर सशस्त्र द्वन्द्वमा भएका घटनाहरुको सत्य पहिचान गर्नका लागि सत्य निरुपण आयोग तथा बेपत्ता आयोग बनाउने कुरालाई आलटाल गर्दै आउनु भएको छ भने अर्कातिर दुवै आयोगलाई गोलमटोल बनाएर एउटै आयोगको मस्यौदा राष्ट्रपति समक्ष पेश गर्नु भएको छ । सत्य निरुपण गर्ने आयोग र बेपत्ता छानविन गर्ने आयोग दुईवटा अलग अलग विषयवस्तु भएकोले अलग अलग निर्माण हुनु पर्दछ जसमा पीडितहरुले निधक्कपूर्वक आफ्ना कुराहरु राख्न सक्ने पीडितमैत्री वातावरणको सुनिश्चित गरिनु पर्दछ तथा पीडकहरुलाई कानुनको घेरामा ल्याउने प्रष्ट प्रावधानहरु समावेश हुनुपर्दछ । यसप्रकारको आयोगले मात्र वास्तविक घटनाहरुको निष्पक्ष छानविन गर्न गरी सत्य बाहिर ल्याउन सक्छ । तर डेकेन्द्र थापाको हत्या प्रकरण बाहिर आएपछि प्रधानमन्त्री बाबुराम भट्टराईले हतारमा आत्तिदै अहिले आएर उक्त घटना सत्य निरुपण आयोगले नै हेर्ने विषय भन्दै पन्छाउने काम गर्नु भएको छ जुन अत्यन्त खेदजनक छ ।

राष्ट्रपतिद्वारा प्रमुख दलहरुलाई पटक पटक सहमति गर्नका लागि समय दिएता पनि आगमी चुनावी सरकारको नेतृत्व आफू नै लिने भन्ने अडानका कारण दलहरु बीच पटक पटक भएका सहमति तथा प्रतिवद्धता हावादारी गफमा सावित भएको छ । यसबाट राज्यको सर्वोच्च संस्था रहेको राष्ट्रपति कै अवमूल्यन भएको छ । जसबाट जनतामा राजनीतिक दलहरुको छवि धुमिल हुँदै गइरहेको छ । यस स्थितिमा प्रमुख दलहरुको सहमतिको सरकार नै एक मात्र विकल्प भएको कुरालाई आत्मासात गर्दै यथाशिघ्र सहमतिको लागि आँट गरेर अगाडि बढ्नका लागि हिमराइट्स सबै दलहरुसमक्ष हार्दिक आग्रह गर्दछ ।

## मानव अधिकार संरक्षण र प्रवर्द्धनका लागि प्रतिबद्ध !!!!

हिमालयन ह्युमन राइट्स मोनिटर्स (हिमराइट्स)
पुल्चोक, ललितपुर
फोन : ५५५५१११, फ्याक्स : ५५५४८८०
इमेल : himrights@wlink.com.np
वेबसाइट : www.himrights.org